February 2016

# TODAY

EURASIA REIYUKAI

Year : 4, Vol. 32

www.eurasiareiyukai.com



Smile of the Month



संस्थापिका महागुरु किमी कोतानीज्यूप्रतिको प्रतिज्ञा समारोह सन् २०१६ फेब्रुअरी ९ तारीखको दिन आफूलाई पाएक पर्ने मिहाता शाखा र समाज विकास केन्द्रहरुमा सदस्यहरु सँग-सँगै सहभागी भई महागुरुज्यूप्रति गुण फर्काऔं ।

सन् २०१६ फेब्रुअरी २४ तारीखका दिन हाम्रा गुरु आन् न्यू ग्यो तोकु जेन् शीज्यूको १२औं पुण्यतिथि स्मरण समारोह सम्पूर्ण मिहाता शाखा र समाज विकास केन्द्रहरुमा आयोजना हुने भएकाले आफूलाई पाएक पर्ने स्थानमा सदस्यहरु सँग-सँगै सहभागी भई गुरुज्यूप्रति गुण फर्काऔं ।



## नागरीक सरसफाई अभियान

यूराशिया रेयूकाईले प्रत्येक आईतबारका दिन भारत देशमा र प्रत्येक शनिबारका दिन नेपाल देशको बिभिन्न क्षेत्रहरूमा नागरीक सरसफाई अभियान अर्न्तगत निरन्तर रुपमा गाँउ, नगर, बस्तीहरूमा नागरीकहरू सँगै मिलेर सरसफाई कार्य गर्दै आईरहेका छौं । यो अभियानबाट हामी निकै उत्साहीत एवं क्रियाशील छौं । सबैजना मिलेर आफू बसेको घर-परिवार, समाज र देशलाई सफा, सुन्दर बनाउँदै जाने अभियानमा लागी परौं ।







नागरिक सरसफाई अभियान, सिलिगुडी, भारत













नागरिक सरसफाई अभियान, नेपाल

# खुशीको अनुभव

नाम : राजेन्द्र पुरी,
उपाधि : जुनहोजाशु
क्षेत्र : बेली, धनगढी
शिबुचो : भरतनाथ योगी,
शाखा : यूराशिया रेयूकाई १३औं



सबैलाई नमस्कार ।

यूराशिया रेयूकाईबारे पहिलेदेखि मलाई जानकारी भएतापनि यूराशिया रेयूकाई १३औं शाखाले बेली क्षेत्रमा गरेको सरसफाई कार्यक्रम र त्यसपछि भएको युवा भेलाबाट धेरै प्रभावित भई मिचिविकी ओया सरस्वती गिरी मार्फत् सन् २०१५ को सेप्टेम्बर १२ तारिखका दिन यस संस्थामा प्रवेश गर्ने मौका पाएको हुँ । सदस्य बन्ने मौका पाईसकेपछि नियमित रूपमा ९ र १८ तारिखको भेलाहरूमा धनगढी अफिसमा सहभागी भई अभ्यास गर्ने मौका पाउँदै आएको छु । भेलाहरूमा मिहाता जिम्मेवार शिबुचो र शिबुचोज्यू मार्फत् संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई ग्रहण गर्ने मौका पाएर अभ्यास गर्दै आएको छु । नमस्कार, धन्यवाद र माफ गर्नुहोला भन्ने रेयूकाईका व्यवहारिक पक्षलाई आफूले कार्यान्वयनमा उतारी भेलाहरूमा सहभागी हुने मौका पाएर रेयूकाई शिक्षाका तीन खम्बा पुर्खास्मरण, कर्म शुद्धीकरण र प्रायश्चित अभ्यासबाट पापलाई परिशोधन गर्ने मौका पाउने अभ्यासप्रति साँच्चिकै प्रभावित भएर उत्साहका साथ मिचिविकी गर्ने मौका पाइरहेको छु । शिबुचोज्यू मार्फत् घरमा सोकाईम्यो विराजमान गरी अभ्यास गर्ने मौका पाएपछि मैले मिचिविकी गरेका सदस्यहरूको घरलाई आनन्दित र सुखी बनाउनु पर्छ भन्ने महशुस गरी मिचिविकी ओया र शिबुचोज्यूसँगै मिलि सदस्यहरूको घरमा सोकाइम्यो स्थापना गर्ने मौका पाइरहेको छु ।

धनगढी अफिसमा हुने विभिन्न सामाजिक तथा शैक्षिक कार्यक्रमहरूमा सदस्यहरूसंगै समाजतिर फर्केर गरिने स्वयंसेवाका कृयाकलापहरूमा सहभागी भई रहेको छु । निलसुत्रलाई कार्यान्वयन गर्ने मौका पाएर आफू सँग-सँगै सदस्यहरूलाई पनि कार्यान्वयन गराई सुखी र खुशी बनाउँदै जाने मौका पाइरहेको छु ।

अन्त्यमा सन् २०१६ मा हुने गोहोम्यो आत्माग्रहण समारोहमा आवेदन गर्ने मौका पाई १०० दिनको अभ्यास गर्ने मौका पाएर ५० जना सदस्यको घरमा सोकाइम्यो आफ्नै हातले लेखी लोकहितकारी बोधिसत्वको रूपमा आफूले अभ्यास गरी दिव्यज्योतिमय यूराशिया रेयूकाईको युवा बन्ने प्रतिज्ञा गर्दछु ।

धन्यवाद, नमस्कार ।

## भूकम्प अतिप्रभावित क्षेत्रमा सहयोगका कृयाकलाप गर्ने मौका पायौं





यूराशिया रेयूकाईबाट निरन्तर रूपमा भुकम्प अतिप्रभावित क्षेत्रमा विभिन्न सहयोगका कृयाकलाप गर्ने मौका पाउँदै आई रहेका छौं । महाविनाशकारी भुकम्पबाट मानवीय र भौतिक क्षतीबाट त्रसित भईरहेका बालबालिकाहरूलाई खुशी प्रदान गर्नको लागी यसपटक २४ जनवरी २०१६ का दिन सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा ३ जामुने स्थित श्री बाल शिक्षा प्राथमिक बिद्यालयमा अध्ययनरत ९० जना बालबालिकाहरूलाई शैक्षिक सामाग्रीहरू, झोला, टोपी एवं दैनिक आवश्यक सामाग्रीहरू वितरण गर्ने मौका पायौं । यसबाट बालबालिकाहरू खुशी र उत्साहीत भएका थिए ।

## विभिन्न समाजिक कृयाकलापका फोटोहरू



नागरिक सरसफाई अभियानको प्रशंसा-पत्र ग्रहण गर्दै
समाज विकास केन्द्र, नेपालगञ्ज



हस्तकला तालिम एवं महिला भेला
यूराशिया रेयूकाई २८औं शाखा, गौरादह



युवा भेला
समाज विकास केन्द्र, सिलिगुडी



निःशुल्क औषधी हस्तान्तरण गर्दै
यूराशिया रेयूकाई ११औं शाखा, सानेपा



हस्तकला तालिम
यूराशिया रेयूकाई १७औं शाखा, सिद्धार्थनगर



ब्यूटिसियन तालिम
चिसापानी, बाँके